राप्ती सोनारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

५ नं. प्रदेश, नेपाल

प.सं.:- ०७६/०७७ मितिः- २०७६/१२/२९

च.नं.:- १३१६

विषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री सवै वडा कार्यालय,
राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँके।

प्रस्तुत विषयमा राहत वितरण सम्बन्धमा राप्ती सोनारी गाउँ कार्यपालिकाको मिति २०७६/१२/२९ गतेको बैठकको निर्णयको प्रतिलिपि यसै पत्र साथ पठाइएको छ। सोको कार्यान्वयन गर्नुहुन अनुरोध छ।

वोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, बाँके : जानकारीका लागि ।
श्री जिल्ला समन्वय समिति, बाँके : जानकारीका लागि ।
श्री सूचना प्रविधि अधिकृत, राप्ती सोनारी गाउँपालिका कार्यालय, बाँके : पत्र गा.पा.को वेवसाइटमा upload गरिदिनुहुन ।

प्रमुख प्रशासकीय अधिकृत
दल बहादुर बस्नेत

प्रस्ताबहरू

१.राहत वितरण सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव न.१ मा छलफल गर्दा कोरोना महामारीको कारणले लकडाउन हुँदा दैनिक काम गरी खाने मजदुर वर्ग , असाहाय तथा अति विपन्नहरूलाई दैनिक छाक टार्न समस्या भएकाले यस गाउँपालिकाका ९ वटै वडाहरूबाट राहत अपेक्षि समुहको लगत संकलन हुँदा करीब चार हजार घर परिवार राहत वितरण गर्नु पर्ने सम्भाव्य घरधुरी भएकोले त्यस्ता घर परिवारमा खद्दान्नको समस्या हुँन नदिन ति परिवारबाट खाद्दान्न नभएकोले दैनिक चुलो बल्न नसकेको जानकारी लिखित वा मौखिक रुपमा गाउँपालिका कार्यालय वा वडा कार्यालयमा प्राप्त हुनासाथ जानकारी भएको २० मिनेट भित्रै परिवारको संख्या हेरेर घरैमा खाद्दन्न प्याकेज सम्बन्धीत वडाबाटै उपलब्ध गराउने ।यस्का लागि सबै वडा कार्यालयमा खाद्द भण्डार स्थापना गर्ने र नपुग हुने खाद्दय प्याकेज सम्बन्धीत वडा कार्यालयले खरिद गरि वितरणको ब्यवस्था मिलाउने ।विपन्न परिवारको दैनिक चुलो बले नबलेको यकिन सम्बन्धीत वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, सम्बन्धीत वडाको सचिव,नेपाल प्रहरीको प्रतिनिध र रेडक्रसकर्मिको समुहले तत्कालै स्थलगत अनुगमन गरी मुचुल्का खडा गरी गर्ने र यसैको आधारमा घर घरै राहत उपलब्ध गराउने । खाद्दय सहयोग गर्न गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत र सबै वडा अध्यक्षको सम्पर्क नम्बर हमेशा खुला राख्ने ।यसरी रहात वितरण गर्नासाथ सोको विवरण गाउँपालिका कार्यालयले उपलब्ध गराएको लिंकमा तत्काल अपडेट गर्ने ।गलत विवरण दिई राहत लिने दिनेलाई प्रचलित कानुन बमोजिम सजायको ब्यवस्था गर्ने ।राहत वितरण सम्बन्धमा भएको यो जानकारी सबैलाई दिन हरेका वडाले टोलमा प्रचार प्रशार गर्ने निर्णय गरियो ।

लक्ष्मीराम थारु
अध्यक्ष

०७६/१२/२६
प्रमुख प्रशासकीय अधिकृत
दल बहादुर बस्नेत